

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान
## ई-बुलेटिन

वर्ष ४, अंक ९, पुस (मासिक)



**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान, मानव अधिकारको सम्मान"

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. प्रद्युम्न कुमार कार्की

**सल्लाहकार**
प्र.ना.म.नि. राजेश कुमार लाल कर्ण

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.ना.नि. शैलेश खड्का
प्र.ना.नि. सन्देश थापा
प्र.स.नि. धन बहादुर लामिछाने

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना

# विषय सूची

| | |
|---|---|
| विभागीय गतिविधि | १ – २ |
| मासिक अपराध तथ्याङ्क | ३ – ५ |
| प्रहरी सेवा प्रवाह | ५ – ७ |
| खोजतलास तथा समन्वय | ७ – ८ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | ८ – ९ |
| अपराध समाचार | १०–१३ |
| उत्कृष्ट अनुसन्धान | १४ |

# विभागीय गतिविधि

## प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको अध्यक्षतामा MIPP को अन्तिम बैठक सम्पन्न




काठमाडौं, १६ पुस

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको अध्यक्षतामा Modernization and Improvement of Policing Project (MIPP) को Steering Committee को अन्तिम बैठक प्रहरी प्रधान कार्यालयमा शुक्रबार सम्पन्न भएको छ ।

बैठकमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले MIPP को अवधिमा प्रहरी संगठनलाई धेरै उपलब्धी भएको चर्चा गर्दै MIPP कार्यान्वयनमा नेपाल प्रहरीले व्यावसायिक क्षमता अभिवृद्धि, संस्थागत क्षमताको विकास तथा जनताको विश्वास सुनिश्चित गर्दै उल्लेखनीय प्रगति हासिल गरेको उल्लेख गर्नुभयो।

नेपाल प्रहरी संगठनको विकासको लागि Integrated Program for Strengthening Security and Justice (IPSSJ) एवं MIPP जस्ता परियोजना धेरै नै महत्वपूर्ण रहेको चर्चा गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले बेलायत सरकार र अन्य सरोकारवाला संघसंस्थाले परियोजना कार्यान्वयन एवं प्रहरी संगठनको आत्मविश्वास, योग्यता र क्षमता विकास गर्न निर्वाह गरेको भूमिकाप्रति आभार प्रकट गर्नुभयो। आगामी दिनमा समेत अन्य परियोजनामा सहकार्य गर्दै जाने विश्वास उहाँले व्यक्त गर्नुभयो।

बैठकमा British Embassy नेपालका Deputy Head Of Mission Edward Roberts ले नेपाल प्रहरीसँगको सहकार्यमा MIPP कार्यान्वयनको अवधिमा सामना गरेका चुनौती बारेमा चर्चा गर्नुभयो । परियोजनाको महत्व एवं आगामी दिनमा समेत नेपाल प्रहरीसँग अन्य परियोजनामा सहकार्य गर्दै जाने उहाँले उल्लेख गर्नुभयो।

प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका निर्देशक प्रहरी नायब महानिरीक्षक ईश्वर बाबु कार्कीले बैठकमा स्वागत मन्तव्य व्यक्त गर्दै MIPP को महत्व र उपलब्धीबारे चर्चा गर्नुभयो।

गृह मन्त्रालयका सहसचिव डाभिष्म कुमार भुसाल र केयर . नेपालकाAssistant Country Director मोना शेर्पाले MIPP परियोजनाको महत्वबारे चर्चा गर्नुभएको थियो।

उक्त अवसरमा British Embassy नेपालका Peace, Security and Justice Adviser Mette Nielsen ले MIPP प्रोजेक्टको उपलब्धी , सिकाइ तथा भविष्यमा हुने साझेदारी सम्बन्धी तथाMIPP प्रोजेक्टको आयोजना प्रमुख कोमल कार्की र प्रहरी उपरीक्षक सविन प्रधानले MIPP प्रोजेक्टको कार्यान्वयनको अवस्था तथा प्रोजेक्टको समग्र प्रगति सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।

## राज्यले सुम्पिएको दायित्वलाई इमानदारीपूर्वक निर्वाह गर्नुस् - प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री



झापा, १३ पुस

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले राज्यले सुम्पिएको दायित्वलाई प्रहरी कर्मचारीहरूले इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने बताउनुभएको छ । जिल्ला प्रहरी कार्यालय झापाको निरीक्षण भ्रमण पश्चात प्रहरी कर्मचारीहरुलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनुभएको हो।

निर्देशनको क्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले हरेक प्रहरी कर्मचारीले आपसमा भाइचारा सम्बन्धको विकास गर्नुपर्ने बताउनुभयो। प्रहरी कर्मचारीहरूले आआफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गरेको खण्डमा - संगठनको छवि उच्च हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "संगठनको छवि प्रहरीले गर्ने काममा निर्भर गर्दछ। जति राम्रो काम गऱ्यो त्यति संगठनको छवि राम्रो हुन्छ।"

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले महिला बालबालिका तथा जेष्ठ नागरिकहरूलाई केन्द्रविन्दुमा राखेर काम गर्न निर्देशन दिँदै प्रहरीसँग सम्बन्धित हरेक कामको सुनुवाई राम्रोसँग गर्नुपर्ने उल्लेख गर्नुभयो। प्रहरी कर्मचारीले आफ्नो कार्यालय र परिवारलाई सँगसँगै व्यवस्थापन गर्नुपर्ने चर्चा गर्दै उहाँले भन्नुभयो, "जसले परिवारलाई राम्रो व्यवस्थापन गर्न सक्छ उसले कार्यालयको व्यवस्थापन पनि राम्रो गर्न सक्छ।"

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले सीमावर्ती क्षेत्रमा हुने अपराध नियन्त्रणमा केन्द्रीत भई काम गर्नुपर्ने उल्लेख गर्दै हिरासतमा भएका थुनुवाहरूको सुरक्षामा समेत ध्यान दिनुपर्ने बताउनुभयो । सम्पूर्ण प्रहरी कर्मचारीहरूबाट पूर्ण व्यावसायिकताको अपेक्षा गरिएको उहाँले उल्लेख गर्नुभयो।

उक्त अवसरमा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायब महानिरीक्षक अरुण कुमार बिसी, प्रहरी प्रधान कार्यालयका प्रहरी नायब महानिरीक्षक ईश्वरबाबु कार्कीको साथै संघीय प्रहरी इकाई कार्यालय धरान र १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरीका कार्यालय प्रमुखहरूको समेत उपस्थिति रहेको थियो।

त्यसैगरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय मोरङको निरीक्षण भ्रमण गर्नु भएको छ । निरीक्षण पश्चात प्रहरी कर्मचारीहरुलाई निर्देशन दिँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनुभएको हो ।

निरीक्षण भ्रमणको क्रममा उहाँले प्रहरी सेवा लिन आएका केही सेवाग्राहीहरुसंग अन्तरक्रिया समेत गर्नुभएको थियो ।

निर्देशनको क्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरी कर्मचारीहरुको आचार संहिता सम्बन्धी कार्यदेश, २०७७ को अक्षरस पालना गर्दै नागरिकमैत्री प्रहरीको अवधारणा अनुसार हरेक क्षेत्रका व्यक्तित्वहरुसंग समन्वय गरी नागरिकलाई छिटो छरितो एवं पारदर्शी प्रहरी सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त भएर लागि पर्नुपर्नेमा जोड दिनुभयो ।

शून्य सहनशिलताको अक्षरस पालना गर्दै विविध जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी अनुसन्धान पद्धतीलाई प्रविधिमैत्री बनाउँदै प्रमाण र परिणाममूखी अनुसन्धान पद्धतीबाट आम नागरिकलाई प्रत्याभूत हुने गरी सुरक्षा व्यवस्था मिलाउन पर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले विविध अपराधिक घटनाहरु नियन्त्रणमा बहुआयामिक तरिकाबाट कार्य गर्दै थप सशक्त रुपमा काम कारवाही गर्न निर्देशन दिनुभयो ।

## केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्त बहादुर कुँवरद्वारा पत्रकार भेटघाट कार्यक्रम आयोजना



*काठमाडौं, १२ पुस*

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्तासूचना अधिकारी प्रहरी वरिष्ठ / उपरीक्षक बसन्त बहादुर कुँवरले प्रहरी प्रधान कार्यालयमा पत्रकार भेटघाट तथा समसामयिक बिषयमा छलफलकार्यक्रमको आयोजना गर्नुभयो ।

कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक कुँवरले आको ०७९/२०७८ .व. पहिलो पाँच महिनाको कार्य प्रगती विवरण प्रस्तुतीकरण गर्दै गृह प्रशासन सुधार को मुख्य उपलब्धि २०७४कार्य योजना , नेपाल प्रहरी कार्य योजना २०७७, विभिन्न तहमा कार्यसम्पादन करार सम्झौता २०७८, प्रहरी हवल्दार तथा प्रहरी जवानहरूको उत्प्रेरणा अभिवृद्धि योजना २०७७, जुनियर प्रहरी अधिकृतहरूको कार्यसम्पादन स्तर र सन्तुष्टिको अवस्था, प्रहरी कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता सम्बन्धी कार्यादेश २०७७ को कार्यान्वयनको अवस्था, कोभिड-महामारी रोकथाममा नेपाल प्रहरी तथा नेपाल प्रहरी अस्पतालले निर्वाह १९ गरेको भूमिकाको साथै समग्र प्रहरी संगठनको नीतिगत सुधार तथा कार्यक्रमहरूको बारेमा जानकारी दिनुभयो ।

साथै उहाँले गत साउनदेखि मंसिरसम्म ५ महिनाको अवधिमा मानवश्रोत व्यवस्थापनतर्फ गरिएका नयाँ नियुक्ति, सरुवा बढुवापदस्थापना र / काज खटिएका प्रहरी कर्मचारीहरूको साथै पुरस्कार र सजायको विवरण प्रस्तुत गर्नुको साथै सो अवधिमा भएका विपद् घटना र सोबाट भएको क्षति सम्बन्धी विवरण प्रस्तुत गर्नुभयो ।

सोही अवसरमा प्रहरी वरिष्ठ उपरीक्षक कुँवरले आ०७/२०७७ .व.८ र आ.गरी दुवै आ ०७९/२०७८ .व.वपाँच महिनाको अवधिमा भएको /को पाँच. अदालती फैसला कार्यान्वयन, पेण्डिङ् तथा फछ्यौंट मुद्दा, राजश्व संकलन, सवारी दुर्घटना, लागूऔषध, प्रहरी कर्मचारी विरूद्धको उजुरी दर्ता तथा फछ्यौंट, अवैध हातहतियार तथा विष्फोटक पदार्थ बरामदतर्फ, अपराध तथ्याङ्क र महिला बालबालिका सम्बन्धी अपराधको अवस्थाबारे तुलनात्मक विवरण प्रस्तुत गर्नुभयो ।

विभिन्न समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया गरिएको उक्त कार्यक्रममा विभिन्न संचारमाध्यमका संचारकर्मीहरु तथा प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

## प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीबाट नवनिर्मित भवनहरू उद्घाटन



सप्तरी, १२ पुस

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले २ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजमा नवनिर्मित महिला आवास गृह, कक्षाकोठा तथा अतिथि गृह भवनहरूको सोमबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

सो अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले भवन निर्माण कार्यमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने इन्जिनियर तथा प्रहरी कर्मचारीहरूलाई प्रशंसापत्र वितरण समेत गर्नुभयो ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले कार्यक्रममा उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन दिदै समाजसेवामा आवद्ध नेपाल प्रहरी संगठनमा आएर नागरिकको हरेक समस्या समाधानको लागि हरहमेसा साथ र सहयोग - आफ्नो क्षेत्रबाट -गर्नुपर्ने बताउनुभयो । साथै उहाँले भवन निर्माण कार्यमा आ उने सम्बन्धित सबैलाई धन्यवाद दिनुभयो ।पुऱ्या प्रत्यक्ष अप्रत्यक्ष सहयोग


कार्यक्रममा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश रंजितकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने उक्त तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक केदार ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । Modernization and Improvement of Policing Project (MIPP) परियोजना अन्तर्गत UNOPS को सहयोगमा करिब १५ करोड रुपैयाँको लागतमा उक्त भवनहरू नवनिर्माण गरिएको हो ।

कार्यक्रममा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा समितिका पदाधिकारीहरू, UNOPS बाट प्रोजेक्ट म्यानेजर कोमल कार्की, जिल्लास्थित स्थानीय तहका पदाधिकारीहरू र संचारकर्मी लगायतको उपस्थिति रहेको थियो ।




# मासिक अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको पुस महिनाको अपराध तथ्याङ्क प्रस्तुति




## त्रैमासिक मुद्धा दर्ता संख्या (कार्तिक- पुस)




## त्रैमासिक प्रदेशगत मुद्दा दर्ता संख्या ( कार्तिक- पुस)





## पुस महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| | कार्यालय | कुल पक्राउ संख्या | कैद | जरिवाना |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय, रानीपोखरी | १५ | २ वर्ष १८ दिन | १४८६६५५० |
| २ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ९९ | ४० वर्ष ६ महिना १७ दिन | ४७११६३५ |
| ३ | २ नं. प्रदेश प्रहरी कार्यालय, जनकपुर | ७० | ३४ वर्ष १० दिन | ५५९६८७३ |
| ४ | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ३० | ५२ वर्ष ३ महिना १६ दिन | ४३३९७१९ |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७० | ८ वर्ष १० महिना २५ दिन | १३४७६७४ |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | १९७ | ९३ वर्ष १० महिना १० दिन | २३९५३६५ |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १८ | ३ वर्ष ६ महिना ९ दिन | ७३६५२ |
| ८ | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १८ | ३ वर्ष १० महिना ९ दिन | २९३८६३५ |
| ९ | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | २ | २ वर्ष ५ दिन | २६००००० |
| | **जम्मा** | ५१९ जना | २४१ बर्ष २९ दिन | रु.३,८७,७०,१०३।- |

## पुस महिनाको लागू औषध कारोबारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## मंसिर र पुस महिनाको लागू औषध कारोबारमा संलग्न व्यक्ति पक्राउ संख्या





# प्रहरी सेवा प्रवाह

## पुस महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




# सामुदायिक प्रहरी गतिविधि

पुस महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय - प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : ( गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ३७ कार्यक्रमहरू )




## पुस महिनामा गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ७६ कार्यक्रमहरू " लागू औषध दुर्व्यसन रोक्न सीमा क्षेत्र र स्थान विशेष अभियान सञ्चालन "



# आसरा सुधार केन्द्र

### पुस महिनाको लागु औषध सेवनकर्ता उपचार विवरण


| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र रानीबारी | ३५ जना | ३३ जना | ११९ जना |
| २ | महिला आसरा सुधार केन्द्र तिलगंगा | २ जना | ३ जना | ९ जना |

### पुस महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | २ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ४ जना |
| ३ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | १५७५ जना |

# खोजतलास तथा समन्वय

### पुस महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण



## पुस महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

### साईबर ब्युरो


- पुस महिनामा २६७ वटा निवेदन प्राप्त भएकोमा १४२ वटा निवेदनको काम सम्पन्न (ID बन्द) भएको र अन्य अनुसन्धानका क्रममा रहेको।
- बिद्युतिय कारोवार ऐन, २०६३ अन्तर्गत ११ वटा मुद्धा दर्ता गरिएको।

### डिजिटल फरेन्सिक ल्याव

यस शाखाबाट पुस महिना भित्र बिभिन्न १३ वटा मुद्दा शिर्षक (ठगी, कर्तव्य ज्यान, आत्महत्या, आत्महत्या दुरुत्साहन, बिद्युतीय कारोबार, मानव वेचविखन, लागु औषध, डाँका चोरी, खोटाचलन, बहुविवाह, ज्यान सम्बन्धि कसुर, विदेशी मुद्रा, लिखत कसुर) अन्तर्गत ७६ वटा मुद्दाको २७८ वटा सबुदहरु परिक्षण गरीएको।

## दुरसंचार समन्वय शाखा

पुस महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७८/०९/०१ गते देखि ऐ ३० गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागी ६३८ केशहरु र ४३८८ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी ७२६ परीक्षण गरिएको।
- AFIS मा १४६९ Data Entry भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज





# अपराध समाचार

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

*मोरङ, २१ पुस*

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी बुढिगंगा गाउँपालिका-६ गेरावनी बस्ने २२ वर्षीय अजय लिम्बुलाई सोमबार प्रहरीले पक्राउ गरेको छ।

बुढिगंगा गाउँपालिका-७ स्थित २६ वर्षीय रिजन दाहाललाई गत कात्तिक २८ गते राति धारिलो हतियार खुकुरी प्रहार गरी मृत्यु भएको घटनामा संलग्न रही फरार भएका अजयलाई खोजी गर्ने क्रममा प्रहरीले फेला पारी पक्राउ गरेको हो।

उनलाई जिल्ला अदालत मोरङमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

*कपिलवस्तु, २८ पुस*

आफ्नै श्रीमतीको हत्या गरी फरार रहेको अभियोगमा भारत सिद्धार्थनगर तहसिल नौगढ ग्राम धन्सा बस्ने ३० वर्षीय मुलायम चमार भन्ने सिकन्दर चमारलाई घटनाको ७ वर्षपछि प्रहरीले पक्राउ गरेको छ।

सिकन्दरले आफ्नै श्रीमती २१ वर्षीया किसलावती चमारलाई लिएर कपिलवस्तु कृष्णनगर नगरपालिका -६ श्रीनगरस्थित ससुराली आएको अवस्थामा २०७१ फागुन ३० गते राति श्रीनगरस्थित खेतमा लगेर हत्या गरी आगो समेत लगाई भागी फरार भएका सिकन्दरलाई नेपाल आउँदै गरेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले कपिलवस्तु यशोधरा गाउँपालिका -६ रंगपुरमा फेला पारी पक्राउ गरेको हो।

उनी उपर कर्तव्य ज्यान मुद्दामा आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ।

## हत्या गरेको अभियोगमा पक्राउ

*कास्की, ५ पुस*

अन्नपूर्ण गाउँपालिका-१० घान्द्रुकस्थित ट्रसमा बाग्लुङ, बाग्लुङ नगरपालिका९६ लहरेपिपल घर भएका भिक्षा माग्दै हिँडने ५७ वर्षीय शिव परियारको हत्या गरेको अभियोगमा सोही नगरपालिका-९ कुवापानी बस्ने ३६ वर्षीय अर्जुन बिकलाई प्रहरीले पक्राउ गरेको छ।

उक्त ट्रसमा शव फेला परेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले घटनाको अनुसन्धान गर्ने क्रममा शिव र मादक पदार्थ सेवन गरेका अर्जुनबीच झगडा हुँदा अर्जुनले हत्या गरेको खुल्न आएपछि अर्जुनलाई पक्राउ गरेको हो।

*पाँचथर, १२ पुस*

आफ्नै श्रीमती ४५ वर्षीया जीवन कुमारी नेम्बाङको हत्या गरेको अभियोगमा फाल्गुनन्द गाउँपालिका-२ ईम्बुङ बस्ने ईन्द्र कुमार नेम्बाङलाई प्रहरीले पक्राउ गरेको छ।

ईन्द्र कुमारले लोहोरोले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएकी जीवन कुमारीको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर जिल्ला प्रहरी कार्यालय पाँचथरमा प्राप्त हुनासाथ खोजी गर्ने क्रममा ईलाका प्रहरी कार्यालय बिर्तामोड झापाबाट खटिएको प्रहरीले ईन्द्र कुमारलाई पक्राउ गरेको हो।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*स्याङ्जा, २८ पुस*

धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा वालिङ नगरपालिका-१० भकुण्डे डेरा गरी बस्ने पर्वत पैयु गाउँपालिका-५ घर भएका ३३ वर्षीय जितेन्द्र गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

जितेन्द्रले वालिङ नगरपालिका-१० भकुण्डे डेरा गरी बस्ने सोही नगरपालिका-१२ सिर्सिबोट घर भएकी रनमाया गुरुङको छोरा १६ महिनाको साईमन गुरुङ र उनकै छोरी ५ वर्षीया साइना गुरुङलाई चक्कु प्रहार गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। चक्कु प्रहारबाट गम्भीर घाइते भएका साईमन गुरुङको प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा उपचारको क्रममा मृत्यु भएको हो भने साईना गुरुङको सोही स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ।

## मुख्तार मियाँको हत्या गरेको अभियोगमा ५ जना पक्राउ

पर्सा, २९ पुस

वीरगञ्ज महानगरपालिका-३ छप्कैया बस्ने भारत बिहार जिल्ला वैशाली ग्रामपञ्चायत महुवा घर भएका ई-रिक्सा चालक ४५ वर्षीय मुख्तार मियाँको हत्या गरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा पर्सा छप्कैया बस्ने भारत बिहार पूर्वी चम्पारण मोतीहारी घर भएका ३० वर्षीय सुनिल कुमार, बारा परवानीपुर गाउँपालिका-५ बस्ने २२ वर्षीय निकेश पटेल, पर्सा छप्कैया बस्ने भारत बिहार मुंगेर थाना हवेली खडपपुर ग्राम बैजरपुर घर भएका ५५ वर्षीय सपन मण्डल, छप्कैया बस्ने भारत बिहार घर भएका बक्सर भन्ने ३५ वर्षीय नाजिर हुसैन र छप्कैया बस्ने ५० वर्षीय बाबर हुसैन रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई उनीहरूकै आ-आफ्नो घर ठेगानाबाट पक्राउ गरेको हो।

प्रदेश-२-०३-००१ ह ६६९ नम्बरको ई-रिक्सा चालक मुख्तार यही पुस २१ गते साँझ आफ्नो रिक्सासहित हराइरहेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगञ्ज महानगरपालिका-२३ इटियाहीस्थित नारायणी बयोधा अस्पतालको पछाडिपट्टि नहरमा पुस २२ गते मुख्तारको शव फेला पारेको थियो।

अनुसन्धानको क्रममा मृतकको रिक्सा, अभियुक्त सुनीलको १ थान अटो, घटनामा प्रयोग भएको १ थान फलामको रेन्च, अभियुक्तहरूको २ थान मास्क, रगत लागेको अभियुक्तको २ थान सर्ट, रगत लागेको अभियुक्तको १ थान ज्याकेट, रगत लागेको अभियुक्तको १ जोर जुत्ता र सिसीटिभी फुटेजहरू लगायत प्रहरीले बरामद गरेको छ।

एउटै घरमा बस्दै आएका अभियुक्त सपन मण्डल र मुख्तारबीच झगडा भएको तथा उक्त झगडाको रिसइवी र आर्थिक प्रलोभनका कारण उनीहरू ५ जना र हाल फरार १ जना भारतीय नागरिक समेत मिलेर मुख्तारको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

## बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*सुनसरी, ७ पुस*

बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी धरान उपमहानगरपालिका-१३ का ३८ बर्षीय मुन्ना थापालाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत विराटनगरको २०७६ वैशाख १६ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा १ वर्ष ६ महिना कैद र नगद ४ लाख ५० हजार ७ सय ६६ रुपैयाँ ६६ पैंसा जरिवाना ठहर भई फरार रहेका उनलाई १ नम्बर प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत सुनसरीको आदेशले कैद भुक्तानको लागि कारागार चलान गरिएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

*मोरङ, १५ पुस*

विराटनगर महानगरपालिका-७ स्थित सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको रकम हिनामिना भएको बैंकिङ कसूर मुद्दामा संलग्न रहेको अभियोगमा ४ जनालाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका-१ बस्ने ३६ वर्षीय अमित थापा मगर, ४८ वर्षीय देवी प्रसाद भण्डारी, २९ वर्षीय हिमाल भट्टराई र सोही महानगरपालिका-६ बस्ने ४७ वर्षीय नविन सुवेदी रहेका छन् ।

उक्त बैंकको १५ करोड ७५ लाख ४० हजार ५ सय ७५ रुपैयाँ रकम हिनामिना भएको भन्ने जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनीहरूलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

*काठमाडौं, २८ पुस*

बैकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-३ बाँसबारी बस्ने लमजुङ मर्स्याङदी गाउँपालिका-५ घर भएका ५२ वर्षीय प्रेम बहादुर गुरुङलाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त मुद्दामा उच्च अदालत पाटन ललितपुरको २०७५ माघ २९ गतेको फैसलाले ५ दिन कैद र नगद १० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं चक्रपथबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा उपस्थित गराईएको उक्त महाशाखाले जनाएको छ ।

*काठमाडौं, २९ पुस*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं जोरपाटी बस्ने खोटाङ कपिलासगढी गाउँपालिका-९ स्थायी वतन भएका ३२ वर्षीय प्रकाश राईलाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त मुद्दामा ४० लाख रुपैयाँ बिगो ठहर भइ उच्च अदालत पाटन ललितपुरबाट गत कात्तिक १० गते पक्राउ पुर्जी जारी भई फरार रहेका उनलाई महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले जोरपाटीमा लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

उनलाई थप अनुसन्धानको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाईएको उक्त महाशाखाले जनाएको छ ।

## पोर्चुगल पठाइदिन्छु भनि रकम ठगी गरेको अभियोगमा २ जना पक्राउ

*काठमाडौं, २१ पुस*

पोर्चुगल पठाइदिन्छु भनि रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ कोटेश्वरस्थित यूनिवर्ल्ड इन्टरनेशनल टुर एण्ड ट्राभल्स प्रा.लि.का सञ्चालक र व्यवस्थापक गरी २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ट्राभल्सका सञ्चालक काठमाडौं मैतिदेवी बस्ने वाग्लुङ गल्कोट नगरपालिका-६ घर भएका २८ वर्षीय अमृत सोती मगर र व्यवस्थापक ललितपुर महानगरपालिका हरिसिद्धि-२९ बस्ने सर्लाही बागमती नगरपालिका-१ घर भएका २४ वर्षीय समिर कार्की रहेका छन् ।

वर्किङ भिषामा पोर्चुगल जान प्रति व्यक्ति १४ लाख रुपैयाँ लाग्छ र पोर्चुगल पुगेपछि होटल तथा कम्पनीमा काममा लगाईदिन्छु, मासिक १ लाख रुपैयाँ भन्दा बढी कमाई हुन्छ भनि प्रलोभनमा पारी विभिन्न ४ जना पीडितहरूबाट प्रतिव्यक्ति १० लाखका दरले ४० लाख रुपैयाँ लिई ठगी गरेको पाइएपछि महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूलाई थप अनुसन्धानको लागि महानगरीय प्रहरी परिसर टेकु काठमाडौंमा पठाइएको उक्त महाशाखाले जनाएको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पर्सा, १ पुस*

१६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगञ्ज महानगरपालिका-१६ नगवाटोल बस्ने १९ वर्षीय नितेश कुमार महतोलाई प्रहरीले पक्राउ गरेको छ । महतोले ती किशोरीलाई १ महिनादेखि बारम्बार फोन गरी मायाप्रेमको झूठो कुरा गरी अनुचित प्रभाव र दबाबमा पारी ललाई फकाई विवाह गर्ने प्रलोभन देखाई मंसिर २३ गते कलेज पढन जाने क्रममा बहुदरमाई नगरपालिका-४ टोल डकैलास्थित आफ्नो दिदीको घर कोठामा लगि मंसिर २६ गतेसम्म पटक-पटक करणी गरेको भन्ने जाहेरी दर्खास्त प्राप्त हुनासाथ खटिएको प्रहरीले महतोलाई वीरगञ्ज महानगरपालिका-१६ नगवाबाट पक्राउ गरेको हो । उनी उपर जबरजस्ती करणी सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

*काठमाडौं, १२ पुस*

चौध वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-२ चपली डेरा गरी बस्ने रसुवा पाटीखर्क घर भएका २१ वर्षीय लाक्पा ग्यावालाई प्रहरीले पक्राउ गरेको छ ।

ती किशोरीलाई डेरातर्फ जाँदै गरेको अवस्थामा लाक्पाले घरेलु मदिरा सेवन गराई आफ्नै डेरामा लगि जबरजस्ती करणी गरेको खुल्न आएपश्चात लाक्पालाई सोही नगरपालिका-४ पासिकोटबाट प्रहरीले पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*काठमाडौं, २० पुस*

बीस वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बुढानिलकण्ठ नगरपालिका-५ बिष्णुमती डेरा गरी बस्ने मोरङ विराटचोक घर भएका २८ वर्षीय बिनोद भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ ।

बूढानीलकण्ठ नगरपालिका-२ बाडेपाखास्थित खाली चौरमा भण्डारीले लागूऔषध सेवन गराई ती महिलालाई पटक-पटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी प्रभाग बुढानिलकण्ठबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*भोजपुर, २५ पुस*

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मोरङ कानेपोखरी गाउँपालिका घर भएका ३४ वर्षीय धन बहादुर बिष्टलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

भोजपुर षडानन्द नगरपालिकास्थित खेतमा ती बालिकालाई बिहीबार धनबहादुरले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय दिङलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*काठमाडौं, २६ पुस*

३२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२१ जनसेवा लगन डेरा गरी बस्ने भारत सितामणी घर भएका ४५ वर्षीय मोहमद सहिमलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

ती महिलालाई सहिमले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त जनसेवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*काठमाडौं, १४ पुस*

काठमाडौं महानगरपालिका-२६ मित्रनगरस्थित गेष्ट हाउसमा ३४ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा ८ जनालाई प्रहरीले पक्राउ गरेको छ।

गेष्ट हाउसमा महिलालाई विभिन्न व्यक्तिहरुले जबरजस्ती करणी गरेको भन्ने सूचनाको आधारमा महानगरीय प्रहरी परिसर काठमाडौं र महानगरीय अपराध महाशाखाबाट खटिएको संयुक्त प्रहरी टोलीले अनुसन्धानको क्रममा ७ जनालाई मंगलबार र १ जनालाई बुधबार पक्राउ गरेको हो।

घटनामा संलग्न हाल फरार अन्य १ जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*पर्वत, १ पुस*

पर्वत, २१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा मोदी गाउँपालिका-८ चित्रे बस्ने २१ वर्षीया जितेन्द्र नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। जितेन्द्रले ती महिलाको घरमा कोही नभएको अवस्थामा प्रवेश गरी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय र प्रहरी चौकी देउपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## दुर्लभ वन्यजन्तु रेडपाण्डाको छाला सहित ४ जना पक्राउ

*काठमाडौं, १५ पुस*

दुर्लभ वन्यजन्तु रेडपाण्डाको सिंगो शरीर समेतको ४ थान छाला सहित ४ जनालाई काठमाडौं बसुन्धारास्थित द मयूर क्याफेबाट प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेहरूमा काठमाडौं गोंगबु बस्ने धादिङ गंगाजमुना गाउँपालिका-७ घर भएका ३९ वर्षीय निर बहादुर घले, काठमाडौं कलंकी बस्ने सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी गाउँपालिका-१३ घर भएका २५ वर्षीय सुरेश गिरी, काठमाडौं टोखा बस्ने नुवाकोट शिवपुरी गाउँपालिका-४ घर भएका ३१ वर्षीय कृष्ण बहादुर तामाङ र काठमाडौं स्वयम्भू बस्ने ओखलढुंगा मानेभञ्ज्याङ गाउँपालिका-२ घर भएका २९ वर्षीय मोहनकर्ण कार्की रहेका छन्।

बसुन्धारा क्षेत्रमा केही व्यक्तिहरुले दुर्लभ वन्यजन्तु रेडपाण्डाको छालाको कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उक्त क्याफेबाट उनीहरूलाई उक्त छाला ३० लाख रुपैयाँमा मोलमोलाई गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो।

उनीहरूलाई बरामद छालासहित आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ।

## महिलालाई भारतको कोठीमा पुऱ्याई बेचबिखन गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २१ पुस*

पोखरा लैजान्छु भन्दै बेहोस बनाई महिलालाई भारतको कोठीमा पुऱ्याई बेचबिखन गरेको अभियोगमा नुवाकोट दुप्चेश्वर गाउँपालिका-५ ठेगाना भएकी २६ वर्षीया अनिशा तामाङ भन्ने फूलमाया तामाङलाई पुस ९ गते प्रहरीले पक्राउ गरेको छ। उनलाई प्रहरी प्रधान कार्यालय मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१० कपनबाट पक्राउ गरेको हो।

पोखराको होटलमा नाच्ने तथा बाँकी समय आफ्नै घरमा घरायसी काम गर्नुपर्ने, त्यस बापत राम्रो कमाई हुन्छ भन्दै फूलमायाले पीडित महिलालाई विभिन्न प्रलोभन देखाई २०७४ साउनमा काठमाडौं आकाशेधारास्थित होटलमा लगि चाउमिनमा वेहोश हुने औषधी मिलाई खुवाएर विभिन्न ठाउँ हुँदै भारतको बम्बई, ईलाबाद, कलकत्ता तथा कुचबिहारको कोठीहरुमा पुऱ्याई पटक पटक बेचबिखन गरी वेश्यावृत्तीमा लगाएको अवस्थामा भारतीय प्रहरीको समन्वयमा नेपाली राजदुताबास तथा नेपालस्थित विश्व सेवा बिस्तार संस्थाको सहयोगमा गत असोज २३ गते ती महिला नेपाल फर्किन सफल भएकी थिइन्।

उक्त मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेकी तामाङ उपर थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ।

## संरक्षित वन्यजन्तु सालकको खपेटा सहित २ जना पक्राउ

*काठमाडौं, २१ पुस*

काठमाडौं महानगरपालिका-३२ कोटेश्वरबाट संरक्षित वन्यजन्तु सालकको खपेटा (आखेटोपहार) सहित २ जनालाई कोटेश्वर क्षेत्रबाट मंगलबार प्रहरीले पक्राउ गरेको छ।



पक्राउ पर्नेहरूमा भोजपुर राम प्रसाद राई गाउँपालिका-४ लाखुरे बस्ने ४० वर्षीय रुक्मण बहादुर बुर्जामगर र पाँचथर मिक्लाजुङ गाउँपालिका-८ टोखा बस्ने २७ वर्षीय भबिन्द्र बहादुर मगर रहेका छन्।

कोटेश्वर क्षेत्रमा संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनीहरूलाई १ किलो ५ सय ग्राम तौल भएको उक्त खपेटा सहित फेला पारी पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक कानुनी कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तीसार काठमाडौंमा पठाईएको उक्त ब्यूरोले जनाएको छ।

# अवैध लागू औषध सहित पक्राउ

## अवैध लागू औषध ब्राउनसुगर सहित पक्राउ

*काठमाडौं, ४ पुस*

कैलाली, धनगढी उपमहानगरपालिका-२ मिलन चोकबाट ४ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-८ बस्ने २४ वर्षीय संदिप श्रीवास्तव र १६ वर्षीय किशोर रहेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

*दाङ, १६ पुस*

तुलसीपुर उपमहानगरपालिका-७ साहरनगर टोल बस्ने ३० वर्षीय कैलाश नेपालीलाई १ ग्राम २० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर, १ थान खुकुरी, १ थान खुडा र २ थान मोबाइल सहित प्रहरीले पक्राउ गरेको छ । कैलाशले लागूऔषध बिक्री गरिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनको साथबाट उक्त वस्तु फेला पारी पक्राउ गरेको हो ।

*बाँके, २८ पुस*

बैजनाथ गाउँपालिका-३ स्थित सडकबाट सोही ठाउँ बस्ने ३३ वर्षीय पिलावर शाही लगायत ३ जनालाई ४ ग्राम २ सय मिलीग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने खैरो धुलो पदार्थ सहित प्रहरीले पक्राउ गरेको छ ।

ईलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनीहरूको साथबाट उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*कैलाली, २९ पुस*

धनगढी उपमहानगरपालिका-२ विश्वनाथ मन्दिर नजिकबाट ४ ग्राम ६ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २५ वर्षीय दिपेन्द्र सिंह र ३३ वर्षीय नितेश ओली रहेका छन् । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले शंकास्पद रुपमा हिँडिरहेका उनीहरूलाई जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषध गाँजा सहित पक्राउ

*मकवानपुर, ९ पुस*

हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट ३० किलो ५ सय ग्राम अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा धनुषा नगराईन नगरपालिका-२ बस्ने ३४ वर्षीय सुबोध



मण्डल र पर्सा पटेरवा सुगौली गाउँपालिका-३ बस्ने ३९ वर्षीय मुकेश राउत थारु रहेका छन् । हेटौंडाबाट वीरगंजतर्फ जाँदै गरेको एनएल ०१ सी ३६५४ भारतीय नम्बर प्लेटको गाडीलाई जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले जाँच गर्ने क्रममा ३ वटा पोकामा गाडीको सिटमुनि लुकाई ल्याएको उक्त गाँजा सहित गाडी चालक मण्डल र गाडीमा सवार थारुलाई पक्राउ गरेको हो ।

उनीहरु उपर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

*काठमाडौं, २७ पुस*

बाग्लुङ, गल्कोट नगरपालिका-५ हटिया चोकबाट करिब २३ किलो अवैध लागूऔषध गाँजा सहित वडिगाड गाउँपालिका-८ खोलाखर्क बस्ने २७ वर्षीय प्रकाश पाईजालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाग्लुङ र ईलाका प्रहरी कार्यालय गल्कोटबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

*काठमाडौं, ५ पुस*

स्याङजा, भिरकोट नगरपालिका-७ खिलुङ बस्ने ४५ वर्षीय डुल वहादुर रोकालाई करिब १४ किलो अवैध लागूऔषध गाँजा, १ थान भरुवा बन्दुक र २७ वटा छर्रा सहित प्रहरीले पक्राउ गरेको छ । उनको घरमा लागूऔषध गाँजा लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय स्याङजाबाट खटिएको प्रहरीले उनको घर जाँच गर्ने क्रममा उक्त गाँजा र हतियार सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

## अवैध लागू औषध चरेश सहित पक्राउ

*काठमाडौं, २९ पुस*

पर्सा, वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट करिब १० किलो अवैध लागूऔषध चरेश सहित रौतहट पिपरीया परेवा घर भएकी ४२ वर्षीया रञ्जु देवीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले उक्त चरेश सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

## अवैध लागू औषध खैरो हेरोईन सहित पक्राउ

*झापा, १६ पुस*

दमक नगरपालिका-९ बाट २ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका-४ डेरा गरी बस्ने भारत घर भएका ३४ वर्षीय मोहमद इस्ताकलाई प्रहरीले पक्राउ गरेको छ । उनलाई ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले जाँच गर्दा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

*मोरङ,*

बिराटनगर महानगरपालिका-१४ कोशी राजमार्गको नहरचोकबाट ३ ग्राम ७ मिलीग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित सुनसरी ईटहरी उपमहानगरपालिका-९ बस्ने २२ वर्षीय निशान चौधरी समेत २ जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ । रानीबाट बिराटनगरतर्फ जाँदै गरेको प्रदेश नम्बर १-०२-०४६ प ११८७ नम्बरको मोटरसाइकललाई प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार निशानको साथबाट उक्त पदार्थ सहित फेला पारी निशान र मोटरसाइकल चालक समेतलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# उत्कृष्ट अनुसन्धान

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी १७ वर्षपछि पक्राउ




*काठमाडौं, २९ पुस*

इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी उदयपुर बेलका नगरपालिका-६ ठेगाना भएका ४० वर्षीय गोबिन्द मगरलाई साउदी अरेबियाबाट १७ वर्षपछि पक्राउ गरी नेपाल ल्याइएको छ।

प्रतिवादी गोबिन्द मगर भएको कर्तब्य ज्यान मुद्दामा फरार रहेका मगरलाई साउदी अरेबियामा पक्राउ परेपश्चात सम्बन्धित कसूरमा कारवाही गर्ने र गराउने प्रयोजनार्थ प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखाबाट खटिई गएको प्रहरी टोलीले नेपाल ल्याएको हो।

मगरले २०६१ मंसिर १३ गते मान बहादुर तामाङलाई कर्तब्य गरी ज्यान मारेको मुद्दामा जिल्ला अदालत उदयपुरबाट पक्राउ अनुमति प्राप्त भई ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाको अनुरोधमा प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखा मार्फत ईन्टरपोल महासचिवालयबाट अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउको लागि २०७७ माघ २६ गते उनी उपर रेड नोटिस जारी गरिएको थियो।

मगरलाई आवश्यक कानुनी कारबाहीका लागि ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिला उदयपुरलाई बुझाइएको ईन्टरपोल शाखाले जनाएको छ।

## जबरजस्ती करणी गर्ने अभियुक्त कारागार चलान

मिति २०७८।०८।२३ गते बिहानको अ. ९:०० बजेको समयमा जिल्ला इलाम चुलाचुली गाउँपालिका वडा नं. -४ (परिवर्तित वतन ०३-०१-५-४० स्थितमा जाहेरवाला (परिवर्तित नाम इलाम –ठ-१(०७८/०८९) को छोरी वर्ष ४ की ( परिवर्तित नाम इलाम ठ (०७८/०८९) लाई ऐ. बस्ने वर्ष ६२ को काल बाहदुर भुजेल (परिवर्तित नाम इलाम ठ-५(०७८/०८९) ले पिडित परिवर्तित नाम इलाम ठ (०७८/०८९) लाई निजको घरमा लागि पिडितले लगाएको सुरुवाल खोली जवरजस्तीकरणी गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा मिति २०७८।०९।२१ गते सम्मानित इलाम जिल्ला अदालतको आदेशले प्रतिवादी काल बाहदुर भुजेल (परिवर्तित नाम इलाम ठ-५(७८/०८९) लाई पुर्पक्षको लागी थुनामा इलाम कारागार पठाइएको।

## कर्तव्य ज्यानका अभियुक्त कारागार चलान

मिति २०७८।०९।०२ गते राती अ. २१:०० बजेको समयमा जिल्ला कास्की अन्नपुर्ण गा.पा.वडा नं. १० घान्द्रुक स्थित च्यान घाट ट्रस भित्र जिल्ला बाग्लुङ बा.न.पा. वडा नं. ६ लहरेपिपल बस्ने बर्ष ५७ को शिव परियारलाई अर्जुन बि.क.ले कुटपिट गरी कर्तव्य गरी मारेको हुदा निजलाई कानून बमोजिम कारवाही गरी पाऊ भन्ने व्यहोराको प्र.नि.दिपक के.सी. समेतको प्रहरी प्रतिबेदन प्राप्त भएको मा जिल्ला वाग्लुङ साविक तित्याङ गा.बि.स.वडा नं. ६ हाल कायम बाग्लुङ न.पा.वडा नं. ९ कुवापानी बस्ने सुकलाल बि.क.को नाती खोम बहादुर बि.क.को छोरा बर्ष ३६ को अर्जुन बि.क.लाई पक्राउ गरी सम्मानित अदालतबाट म्यादथप अनुमति लिई सम्पुर्ण अनुसन्धान कारवाही पश्चात सम्मानित अदालतको आदेशानुसार पुर्पक्षको लागि कारागार चलान गरिएको।

## लागू औषध ब्राउन सुगरका अभियुक्त पुर्पक्षको लागि कारागार चलान

मिति २०७८।०७।११ गते अं.१३:४५ बजेको समयमा जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नं.४ चाकरचौडा स्थितमा प्रहरी चेकप्वाईन्टमा सवारी साधन तथा पैदल यात्रीहरु समेतलाई चेक जांच गर्ने क्रममा भारतबाट नेपाल तर्फ आई रहेका पछि नामथर वतन खुलेका जिल्ला कपिलवस्तु साबिक मोतीपुर गा.बि.स वडा नं.५ हाल बाणगंगा नगरपालिका वडा नं.८ धनेशपुर बस्ने बर्ष २७ को बिजय खत्रीलाई खानतलासी पूर्जी दिई कानुन बमोजिम निजको शरिर खानतलासी गर्दा निज बिजय खत्रीले लगाएको जिन्स पाईन्टको भित्र अगाडी पेन्टी(कच्छा) बाहिरको बिच भागमा लुकाई छिपाई राखेको अवस्थामा कालो प्लाष्टिकको पोका फेला परेको सो कालो प्लाष्टिकको पोका खोली हेर्दा सो पोका भित्र सेतो धागोले बाधेको अबस्थामा कालो प्लाष्टिकका स-साना २२ वटा पोका भित्र लागु औषध ब्राउन सुगर जस्तो देखिने खेरो छाम्दा गिलो पदार्थ रहेको। उक्त लागु औषध ब्राउन सुगर प्लाष्टिक सहित मान्यता प्राप्त तराजुमा एकमुष्ठ तौल गर्दा ग्राम एक मुष्ट १२२ ग्राम र प्लाष्टिक हटाई एक मुष्ठ तौल गर्दा ९२.४२ ग्राम खैरो पदार्थ लागु औषध ब्राउन सुगर, बरामदी मुचुल्कामा उल्लेखित बिबरण भएको मोवाईल थान-१ (एक) नगद रु ८०९०।- (आठ हजार नब्बे) फेला परेको। निजले प्रतिबन्धित लागु औषध ब्राउन सुगर बिक्री बितरण ओसार पसार गरेको हुँदा निजलाई आवश्यक कारवाहीको लागी बरामदी मुचुल्कामा उल्लेखित दशी प्रमाण रितपूर्वक बरामद गरी बरामदी मुचुल्कामा उल्लेखित दशी सहित निज बिजय खत्रीलाई पक्राउ गरी यसै प्रतिवेदन साथ दाखिला गरेका छौं भन्ने प्रहरी प्रतिबेदनको आधारमा मिति २०७८।०९।२३ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले निज प्रतिवादी बिजय खत्री पुर्पक्षको लागि थुनामा गएको।

**"Say No To Drugs"**

**-Nepal Police**

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्


**प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल, काठमाडौ**

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८